मुसिकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रुकुम (पश्चिम)

कर्णाली प्रदेश नेपाल

*website : musikotmunrukum.gov.np*
*Email : ito.musikotmun@gmail.com*
*फोन नम्बर : 088530261, 088530372*

प.स. २०७९/०८०
च.न. ४०८

मिति : २०७९।६।२५

**विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।**

श्री १४ वटै वडा कार्यालयहरु,
सबै शाखाहरु,
मुसिकोट नगरपालिका, रुकुम पश्चिम ।

प्रस्तुत विषयमा मुसिकोट नगर कार्यपालिकाबाट विभिन्न मितिमा भएका निर्णयमध्ये वडा कार्यालय र शाखाहरुसंग सम्बन्धित तपसिलका निर्णयहरु कार्यान्वयन गर्न गराउनुहुन अनुरोध गरिन्छ ।

(बिनाराम खड्का)
नि.प्रमुख प्रशासकीय अधिकृत

(१) मुसिकोट नगरपालिका स्थित वडाहरुमा बर्षाद्को कारण अवरुद्ध रहेका शाखा सडकहरु पहिचान गरी सुचारु गर्नको लागि सम्बन्धित वडा कार्यालयहरुको समन्वयमा काम गर्नेगरी आव २०७९।०८० मुसिकोट नगरपालिका समानीकरण अनुदानतर्फ स्वीकृत कार्यक्रम बर्षादले बिग्रिएका सडक मर्मत शीर्षकमा एकमुष्ट रुपमा विनियोजित बजेट रु.२७ लाखबाट वडागतरुपमा १९२८७५/- का दरले बांडफांड गरी मुसिकोट नगरपालिका स्थित सहायक सडकहरु सफा गरी सुचारु गर्ने । साथै सडक सरसफाइ गर्दा सम्बन्धित वडाले कम्तिमा ३ वटा कोटेशन माग गरी सबैभन्दा कम प्रस्तावबाट किफायती रुपमा जिल्ला दररेट र नगरपालिले तयार गरेको दररेटमा बढी नहुनेगरी कामकाज गराउने ।

(२) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानवस्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरबाट राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमतर्फ विद्यालय भवन निर्माणको लागि छनौट भएका मुसिकोट नगरपालिका अन्तर्गतका विद्यालयमा नयां विद्यालय भवन निर्माणको क्रममा २ कोठे भवनतर्फ यस अघि निर्माण भएका भवनको माथि तला थप्नको लागि माग भइ आएकोमा संघीय सरकारबाट विनियोजित बजेटको सीमामा रही मुसिकोट नगरपालिकाबाट स्वीकृत ड्रइङ्ग डिजाइन अनुसार सम्बन्धित विद्यालयमा निकासा गरिएको रकमबाट २ कोठे भवन निर्माणतर्फ हाल भएका भवनमा तला थप गरी निर्माण कार्य अगाडि बढाउने ।

(३) जलवायु परिवर्तन अनुकुलन सहयोग कार्यक्रम (NCCSP) योजना, कार्यक्रम तथा बजेट, सडक बोर्ड र राष्ट्रपति शैक्षिक सुधारतर्फ विद्यालय भवन तथा ICT Lab सिफारिस तथा छनौट गरिएका योजना अनुमोदन सम्बन्धमा तपसिल बमोजिमका योजनाहरुमा यस अघि भएको सहमती, निर्णय, सिफारिसलाई अनुमोदन गरी कार्यान्वयन गर्ने ।

जलवायु परिवर्तन अनुकुलन सहयोग कार्यक्रम (NCCSP) तर्फ :

| | |
|---|---|
| १ | ठलिदह जलाधार र ताल संरक्षण योजना, मुसिकोट-७ |
| २ | साँख तथा मुग्लुखोला मोराघाट तटबन्धन योजना, मुसिकोट - ११ र ३ |
| ३ | डाङडुङ्गे घुयलपानी पहिरो नियन्त्रण तथा स्थिरीकरण योजना, मुसिकोट - ५ |

सडक बोर्ड तर्फ :

| सिन | सडकको नाम | कुल लागत | सडक बोर्डले व्यहोर्ने |
|---|---|---|---|
| १ | कोटचौतारा जुगेना बगर सडक | २११११७।९ | १४६००००/- |
| २ | भन्डारीकांडा मेलचौर बसिबाङ्ग पोखरा सडक | २२७७७८५।४ | १५७००००/- |
| ३ | डांडाछिबाङ्ग थुमाचौर त्रिवेणी सडक | २३८८९०२।९ | १६६००००/- |
| ४ | मध्यपहाडी अमलाटाकुरा लोरीबाङ्ग सडक | १८८८८९९।३ | १३१००००/- |

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम विद्यालय भवन निर्माण र ICT Lab सिफारिसतर्फ :

| सिन | IEMIS Code | विद्यालयको नाम र ठेगाना | प्रस्तावित कार्यक्रम |
|---|---|---|---|
| १ | 540270017 | भगवती आधारभुत विद्यालय मुनपा ४ कोटचौतारा | २ कोठे भवन |
| २ | 540070011 | ज्ञानकुन्ज आधारभुत विद्यालय मुनपा १४ झिमडांडा | २ कोठे भवन |
| ३ | 540270003 | आधारभुत विद्यालय मुनपा ५ डाङ्गड्ङ्गे | २ कोठे भवन |
| ४ | 540370005 | सुर्योदय आधारभुत विद्यालय मुनपा ७ खाल्बोट | ४ कोठे भवन |
| ५ | 540080004 | सरस्वती आधारभुत विद्यालय मुनपा ८ तिर्सिङ्ग | ४ कोठे भवन |
| ६ | 540080002 | मालिका माध्यमिक विद्यालय मुनपा १० चुन | ४ कोठे भवन |
| ७ | 540370004 | जनचेतना आधारभुत विद्यालय मुनपा ६ डांडीगाउं | ICT Lab |
| ८ | 540270004 | जनहित माध्यमिक विद्यालय मुनपा ३ माछिमी | ICT Lab |
| ९ | 540070002 | नेपाल राष्ट्रिय आधारभुत विद्यालय मुनपा १२ जमारु | ICT Lab |
| १० | 540370003 | जनजागृती माध्यमिक विद्यालय मुनपा ७ साँख | ICT Lab |
| ११ | 540270011 | त्रिभुवन जनता माध्यमिक विद्यालय मुनपा १ खलंगा | ICT Lab |
| १२ | 540270008 | बालकल्याण मावि मुनपा ४ सोलाबाङ्ग | ICT Lab |

मुसिकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय मुसिकोट रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

(४) नगर सभाबाट आ.व.२०७९।०८० को लागि स्वीकृत गरिएका कार्यक्रम कार्यान्वयन सम्बन्धमा प्रचलित ऐन, कानुन, कार्यविधिको अधिनमा रही सम्बन्धित समितिबाट निर्णय गराउनुपर्ने विषय सम्बन्धित समितिबाट, कार्यालय प्रमुखबाट निर्णय गराउनु पर्ने विषय कार्यालय प्रमुखबाट निर्णय गरी गराई, नियमानुसार सुचना, कोटेशन तथा बोलपत्र निकाल्नु पर्ने विषय नियमानुसार सुचना, कोटेशन तथा बोलपत्र प्रकाशन गरी, प्रचलित कानुन अनुसार नगरपालिकासंग सम्झौता गरी काम गर्नुपर्ने विषय यथासिघ्र रुपमा सम्झौता गरी गराई स्वीकृत बजेट तथा कार्यक्रम अनुसार समयमै कार्य अगाडि बढाउनको लागि प्रमुख प्रशासकीय अधिकृत, सबै शाखा र वडा कार्यालयहरुलाई निर्देशन दिने ।

(५) नगरपालिका कार्यालय परिसर मर्मत संभार तथा व्यवस्थापन सम्बन्धमा बजेट स्रोतको सुनिश्चितता हेरी नगर प्रमुखको कार्यकक्ष, नगर उपप्रमुखको कार्यकक्ष, कार्यपालिका बैठक कक्ष, न्यायिक समितिको सचिवालय, इजलाश कक्ष, सेवाग्राही सहायता कक्ष, नगरपालिका भवन रङ्गरोगन, क्यान्टिन, नगरपालिका परिसरका शौचालय मर्मत संभार, नगरपालिका कार्यालयको खानेपानी मर्मत, खानेपानी अन्डरग्राउन्ड ट्याङ्की निर्माण, नगरपालिका तथा वडा कार्यालयहरु, पुराना वाइकहरु मर्मत, स्वास्थ्य शाखाको कार्यकक्ष, पशुसेवा शाखाको कार्यकक्ष, नगर प्रहरीको बसाई व्यवस्थापन आदिमा बजेट उपलब्धता हेरी सम्बन्धित शाखाको सहभागितामा कार्यालय प्रमुख स्तरीय निर्णय गर्नेगरी जिम्मा दिने ।

(६) जनप्रतिनिधिहरुको औपचारिक पोशाकको कपडाको रङ्ग छनौट सम्बन्धमा समिरजंग मल्ल, धिरन सिर्पाली र निर्मला नेपाली रहेको ३ सदस्यीय समिति गठन गरी उक्त समितिको छनौट अनुसार जनप्रतिनिधिहरुको औपचारिक पोशाकको रङ्ग निर्धारण गर्ने ।

(७) मुसिकोट नगरपालिकामा कार्यरत कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन २०७८ कार्यान्वयन सम्बन्धमा छलफल गर्दा प्रशासनिक संघियता कार्यान्वयनको क्रममा अन्य सेवाका कर्मचारीहरु कर्मचारी समायोजन ऐन, २०७५ अनुसार समायोजन भई स्थानीय तहहरुमा आउंदा साविक स्थानीय निकायमा रहेका कर्मचारीहरुलाई तह बढुवा र ग्रेड बृद्धि कुनै पनि नगरी साविककै पद तथा सेवा सुविधामा समायोजन गरी साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरुको बृती विकास अवरुद्ध भएकोले साविक स्थानीय निकायबाट समायोजन भई आएका कर्मचारीहरुको बृत्ती विकास गर्नको लागि मुसिकोट नगरपालिका, नगर सभाबाट मिति २०७८।३।२४ मा जारी भएको मुसिकोट नगरपालिकामा कार्यरत कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन २०७८ कार्यान्वयन गर्ने ।

(८) मुसिकोट नगरपालिका बजार क्षेत्रको फोहोरलाई दिगो र दिर्घकालीन व्यवस्थापन गर्न आवश्यक अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्नको लागि वडा नम्वर ७ का वडा अध्यक्ष एक्कबहादुर पान्डेको संयोजकत्वमा वडा नम्वर १ का वडा अध्यक्ष ज्ञानु चन्द्र चन्द, वडा नम्वर २ का वडा अध्यक्ष दिनेश खड्का, वडा नम्वर ४ का वडा अध्यक्ष निर्मल कुमार पुन, वडा नम्वर ५ का वडा अध्यक्ष समिरजंग मल्ल, कार्यपालिका सदस्य निर्मला नेपाली र निर्मला रसाइली रहेको समिति गठन गर्ने ।

(९) मुसिकोट नगरपालिका वडा नम्वर ८ तर्फ नगर सभाबाट स्वीकृत कार्यक्रममा किउरीवाङ्गदेखि ठोक्लाबाङ्ग जोड्ने आरसिसी पुल निर्माण भएको तर SUTRA मा इन्ट्री गर्दा किउरीवाङ्गदेखि ठोक्लाबाङ्ग जोड्ने पिसीसी गोरेटो बाटो भई फरक परेकोले नगर सभाबाट स्वीकृत भए अनुसार नै किउरीवाङ्गदेखि ठोक्लाबाङ्ग जोड्ने आरसिसी पुल निर्माण कायम गर्नेगरी SUTRA मा सच्याउने ।

मुसिकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय मुसिकोट रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

नि. प्रमुख प्रशासकीय अधिकृत

(१०) मुसिकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट सरुवा भइ आउनको लागि दिइएको सहमती अनुमती, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट समायोजन संशोधन भई आएका कर्मचारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबा कामकाजमा खटिइ आएका कर्मचारीहरुलाई हाजिरी लगाउने सम्बन्धमा आवश्यक अध्ययन छलफल गरी उचित टुङ्गोमा पुग्नको लागि नगर प्रमुख महेन्द्र केसी, उपप्रमुख विमल कुमार पुन, नि.प्रमुख प्रशासकीय अधिकृत बिनाराम खड्का र वडा नम्वर १२ का वडा अध्यक्ष धिरन सिर्पाली रहेको ४ सदस्यीय समिति गठन गरी उक्त समितिको सहमती अनुसार उपर्युक्त विषयलाई उचित टुङ्गोमा पुर्याउने ।

(११) भाइरल पुल (बराहटाकुरा सल्ले एयरपोर्ट जोड्ने) बराहटाकुरामा धैरै भिडभाड हुने भएको र नगरपालिकाकाको कार्यालय अगाडी गाडी आवातजावत तथा पैदल यात्रीहरुको सुरक्षालाई ध्यान दिइ सिसिटिभी थप्ने र हाल जडान भएका सिसिटिभीहरु बत्ती नभएको बेला बन्द हुने भएकोले सिसिटिभीलाई नियमित सुचारु गर्नको लागि ब्याकअप व्यवस्था गर्ने । साथै यस कार्यको लागि लागत अनुमान तयार पार्न लगाई कार्य प्रारम्भ गर्ने निर्णय गरीयो ।

(१२) मुसिकोट नगरपालिकामा गाडी तथा यात्रुहरुको आवतजावत बढिरहेको तर यात्रुहरुको सुविधाको लागि यात्रु प्रतिक्षालय नभएकोले सम्बन्धित निकायसंग समन्वय गरी उपयुक्त स्थानमा प्रहरी बिट र यात्रु प्रतिक्षालय निर्माण गर्ने । साथै यस कार्यको लागि प्राविधिक कर्मचारी खटाई लागत अनुमान तयार पार्न लगाई नियमानुसार कार्य प्रारम्भ गर्ने ।

(१३) नगर कार्यपालिकाको एघारौं बैठकमा विधायन समितिबाट पेश भई आवश्यक अध्ययन गरी पुनः अर्को बैठकमा पेश गर्ने निर्णय भए अनुसार एम्बुलेन्स संचालन, कर्मचारी कल्याण कोष, अटो रिक्शा संचालन र दाह संस्कारमा दाउरा व्यवस्थापन कार्यविधि सम्बन्धमा थप अध्ययन गरी अर्को बैठकमा पेश गर्ने ।

(१४) गत आ.व.मा विविध कारणले काम सम्पन्न हुन नसकेका निर्माणाधीन वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालय भवन निर्माण सम्बन्धी सम्झौताको म्याद ८ महिना थप गर्ने र सम्पन्न हुन बाँकी रहेका वडा कार्यालय, स्वास्थ्य चौकी र विद्यालय भवन निर्माणका लागि आवश्यक बजेट व्यवस्था गरी सम्पन्न भए पश्चात भुक्तानी गर्ने ।

(१५) राप्ती लोकमार्गको सेरीगाउंदेखि सल्लेसम्म र सोलाबाङ्ग बजार क्षेत्रमा सडकको दायाँ बायाँ भागमा पर्ने मुआब्जा बुझिसकेका सडकको क्षेत्राधिकारका पर्ने जग्गा खाली गराउन नियमानुसार आवश्यक कानुनी प्रक्रिया थालनी गरी उल्लेखित स्थानमा सडकवत्ती, फुटपाथ, दोहोरो नाला सहितको दोहोरो सडक निर्माणको सम्बन्धित निकायहरुमा लेखी पठाउने ।

(१६) मुसिडांडा पार्कमा हाल भइरहेका संरचना, गेट, तारवार, भ्यु टावर आदि मर्मत संभार संरक्षण सम्बन्धी कार्य गर्नका लागि लागत अनुमान तयार गरी आवश्यक प्रक्रिया अगाडि बढाउने ।

(१७) मुसिडांडा पार्कमा कार्यरत चौकिदारले मासिक रु.७५००/- खाजा खर्च पाइरहेकोमा उक्त रकम न्युन भएकोले बृद्धि गरी पाउँ भनी दिएको निवेदनमा छलफल हुँदा निजलाई मासिक रु.१०,०००/- २०७९ साउन १ गतेदेखि उपलब्ध गराउने र मुसिकोट नगरपालिका वडा नम्वर १ मा कामको अत्याधिक चाप रहेकोले उक्त वडाको कामलाई सहयोग पुर्याउनको लागि मुसिकोट नगरपालिकामा रहेका कर्मचारीहरुमध्येबाट कामकाज गर्नेगरी खटाउने ।

(१८) विगत आवदेखि निर्माणाधिन क्रमागत योजनाहरुको डिपिआर भएका योजनाहरुको विवरण तयार गरी वडागत रुपमा योजनाहरुको सन्तुलन समेत हुनेगरी सम्बन्धित निकायमा बजेट माग गर्ने ।

(१९) मुसिकोट नगरपालिकाको वडा नम्वर १ कैलदेउ र वडा नम्वर ३ माछिमीमा प्राथमिक स्वास्थ्य केन्द्र र वडा नम्वर ६ झुल्खेतमा बर्थिङ्ग सेन्टरको लागि आवश्यक जनशक्ति व्यवस्था गर्ने । वडा नम्वर ४ सोलाबाङ्ग, वडा नम्वर ११ र १२ समेतको लागि बर्थिङ्ग सेन्टर स्थापना गर्न नगरपालिकाले थप पहल गर्ने । वडा नम्वर १३ मा मौजुदा जनशक्तिबाट बर्थिङ्ग सेन्टरको सुविधा उपलब्ध गराउन पहल गर्ने ।

(२०) निर्णय नम्वर १४, दीर्घ रोगीलाई औषधि उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत कार्यविधि अनुसार मापदन्ड पुरा भएका लाभग्राहीहरुलाई आ.व. २०७९।०८० को भैपरी आउने खर्च शीर्षकबाट मासिक रुपमा प्रतिव्यक्ति मासिक रु.५ हजारका दरले भुक्तानी गरी सोको सोधभर्ना रकम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माग गर्ने ।

(२१) मुसिकोट नगरपालिकामा सरोकारवालाहरुको २ वटा बैठक र दफावार छलफलछि तयार भएको नगर स्तरीय स्वास्थ्य संकट एवम् विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना २०७९ लाई पारित गर्ने ।

(२२) मुसिकोट नगपालिका भित्रका स्वास्थ्य संस्थामा सुत्केरी भएका आमा र नवजात् शिशुको दोस्रो तेस्रो भेट घरमै गई सेवा दिएवापत यातायात खर्च सेवा दिने नर्सिङ्ग कर्मचारीले भुक्तानी लिंदा सिस्टम बन्द भइसकेपछि पेश हुन आएको हुँदा स्वास्थ्यतर्फ संघीय अनुदान सशर्तमा सोही आ.व.को मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रममा विनियोजित भएको बजेटबाट भुक्तानी दिन नसकिएकोले चालु आ.व. २०७९।०८० मा सोही कार्यक्रममा समेत बजेट विनियोजन भएकोले गत आ.व. २०७८।०७९ मा भुक्तानी दिन बाँकी म.ले.प.२२१ फारम अनुसारको रु.८०५००/- (असी हजार पाँच सय) चालु आ.व.को मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रममा विनियोजन भएको बजेटबाट भुक्तानी गर्ने ।

मुसिकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय मुसिकोट रुकुम (पश्चिम) कर्णाली, प्रदेश, नेपाल २०७३

नि. प्रमुख प्रशासकीय अधिकृत